# विविधता पहुँच (डाईभर्सिटी एक्सेस) कार्यक्रमका बारम्बार सोधिने प्रश्नहरु (FAQ)

**कार्यक्रमका विवरण:**

ग्रीष्म शिविर (समर क्याम्प)हरुमा ११-१५ वर्षका BIPOC बालबालिकाहरूका लागि यो सामुदायिक सेलिंग केन्द्रको विविधता पहुँच छात्रवृत्ति हो। हाम्रा ग्रीष्म शिविरहरू र युवा कार्यक्रमहरू बालबालिकाहरूलाई खेलकुदमा संलग्न आजीवन सुरक्षा, सीप र आनन्दको ज्ञान दिन डिजाइन गरिएको हो। शिविरहरू सोमबार-शुक्रबार बिहान ९:०० बजेदेखि बेलुका ४:०० बजेसम्म संचालित हुन्छन्। सहभागीहरूले अर्ली ड्रप अफ र लेट पिकअपका साथै प्रति हप्ता $३० को यातायात भुग्तान (स्टाइपेन्ड) पनि छनौट गर्न सक्छन्। सहभागीहरूले हाम्रा प्रारम्भिक शिविरहरूबाट सुरु गर्नेछन् र पुराना सहभागीहरूले हाम्रो स्तरहरू र माध्यमिक विद्यालय (मिडल स्कूल) र हाई स्कूल सेलिङ सहितका अन्य कार्यक्रमहरू मार्फत अगाडी बढ्न सक्ने छन्।

**CSC ले यो कार्यक्रम किन उपलब्ध गराइरहेको छ?**

CSC लाई जानकारी छ कि लेक च्याम्पलेन यस क्षेत्रको सबैभन्दा ठूलो संसाधनहरू मध्येको एक हो, र हामी बुझ्दछौं कि सेलिङ्ग र समर क्याम्पहरूमा पहुँच सबै परिवारहरूले गर्न सक्दैनन्। सबैका लागि तालको पहुँच (एक्सेस) र जीवनका पाठहरू प्रदान गर्ने दिशामा दिगो परिवर्तन ल्याउनको लागि, हाम्रो संस्थाले हाम्रा कर्मचारी, बोर्ड र दैनिक सहभागीहरूमा विभिन्न दृष्टिकोण र बोलीहरू समावेश छन् भनी सुनिश्चित गर्न दीर्घकालीन प्रतिबद्धता जनाएको छ। यो हाम्रो समुदायका विविध युवा र परिवारहरूका लागि CSC ले उपलब्ध गराउँदै आएका धेरै अवसर र सेवाहरु मध्येको एउटा मात्र हो। यदि तपाईं हाम्रा अन्य प्रयासहरूको बारेमा थप जान्न चाहनुहुन्छ भने, तपाईं हाम्रो परिवर्तनको लागि प्रतिबद्धता (Commitment to Change) पढ्न सक्नुहुन्छ।

**विविधता पहुँच (डाईभर्सिटी एक्सेस) छात्रवृत्ति कार्यक्रम किन धेरै हप्ता र वर्षहरूका (लामो समयको) लागि बनाइएको हो? यस कार्यक्रमको अन्तिम लक्ष्य के हो?**

सेलिंग एउटा रोमाञ्चक र परिवर्तनकारी खेल हो, तर कुनै पनि व्यक्तिको सीपलाई सुधार गर्न अभ्यास जरुरी हुन्छ। यदि सहभागीहरू यस खेलमा नयाँ छन् भने, हामी उनीहरूको खेल यात्रालाई जारी राखी सफलताको लागि तैयार पार्न चाहन्छौं। लक्ष्य भनेको व्यक्तिहरूलाई सेलिङ्गको बारेमा प्रारम्भिक जानकारी दिनु मात्र नभई, हाम्रो माथिल्लो स्तरका पाठ्यक्रमहरू, प्रदर्शन सेलिङ्ग, र जुनियर प्रशिक्षक कार्यक्रमहरू मार्फत सेलिङ्गको भविष्यमा दीर्घकालीन विविधतालाई प्रोत्साहन दिनु पनि हो।

**यदि मेरो क्याम्परले एक वर्षको लागि सहभागिता जनाउँदछ र त्यस पछि जारी राख्न चाहँदैन भने के हुन्छ?**

हामीलाई सेलिङ्ग मन पर्छ तर हामी बुझ्दछौं कि सबैलाई मनै पर्नु पर्ने बाध्यता हुँदैन। जबकि लक्ष्य भनेको सबैको लागि धेरै वर्षसम्म जारी राख्ने नै हो, तर यसो नहुन पनि सक्छ। नयाँ खेल सिक्नु धेरै चुनौतीपूर्ण र उपलब्धि-मूलक हुन सक्छ। सबैजना आजीवन सेलर (डुंगा-चालक) न बन्लान्, तर हामीलाई आशा छ कि उनीहरू आजीवन ताल प्रेमी भने पक्कै पनि बन्नेछन्।

**कुन-कुन शिविरहरू उपलब्ध छन्?**

क्याम्परहरूले आफ्नो पहिलो वर्षलाई स्तर १ र/वा लेक एडभेन्चरबाट सुरु गर्छन्, र तिनीहरू सेलरको रूपमा अगाडी बढ्दै जाँदा उच्च स्तरहरूमा प्रगति गर्न जारी राख्न सक्छन्। कृपया ध्यान दिनुहोस् कि यसमा सधैं एकै नासको प्रगति हुँदैन, र प्रत्येक क्याम्परले आ-आफ्नै गति लिनेछन्। धेरै क्याम्परहरूले सीपहरूलाई दरिलो बनाउन आगामी वर्षहरूमा कुनै स्तरहरूलाई दोहोर्याउन पनि सक्छन्।

**मैले कति हप्ताको लागि साइन अप गर्नुपर्छ?**

हामी पहिलो वर्षका सेलरहरूलाई उनीहरूको रुचि र दिनचर्या (तालिका) अनुसार एक वा दुई हप्ताको शिविर लिन सिफारिस गर्दछौं। पुराना क्याम्परहरूले उनीहरूको उमेर र रुचिहरूको आधारमा दुई-हप्ताको क्याम्प साथै मिडिल स्कूल वा हाई स्कूल सेलिंग लिन्छन्।

**पहिलो वर्षका क्याम्परहरुका लागि कुन कार्यक्रमहरू उपलब्ध छन्?**

पहिलो पटक छात्रवृत्ति लिनेहरुले शिविरको एक वा दुई हप्ता लिन सक्छन्। तिनीहरूले एक हप्ताका लागि स्तर १ (११-१५), एक हप्ताका लागि लेक एडभेन्चर (११-१५), वा प्रत्येक मध्ये एक-एक हप्ता लिन सक्छन्। यदि आवेदकहरू आफ्नो बच्चाको लागि सटिक विकल्पको बारेमा अनिश्चित छन् भने, हाम्रा कर्मचारीहरू उनीहरूको आवश्यकता र रुचिहरू अनुरूप विकल्पहरू छलफल गर्न उपस्थित छन्। शिविरको विवरण तल दिइएको छ।

प्रत्येक क्याम्परले हाम्रा शिविरहरु मार्फत आफ्नै बाटो लिनेछन्। क्याम्परहरू अगाडी बढ्दै जाँदा, हाम्रा उच्च स्तरका शिविरहरूमा प्रवेशका लागि उनीहरूले पूर्व-आवश्यकताहरुको पूर्ति गर्नु पर्ने छ। तपाईंसँग तपाईंको क्याम्परको लागि सबै भन्दा उचित शिविरहरुको बारेमा कुरा गर्न र प्रगतिमा मार्गदर्शन गर्नका लागि हामी सहर्ष उपलब्ध छौं।

**शिविरका विवरण**

- **<u>स्तर १ (११-१५):</u>** क्याम्परहरूले सुरक्षित, रमाइलो वातावरणमा रिगिंग, पोइन्ट्स अफ सेल, सेलिङ्ग संचालन, सुरक्षा र रिकभरीको आधारभूत कुराहरू सिक्नेछन्। प्रमाणित प्रशिक्षकहरूले डुङ्गामा सहजता र स्वावलम्बन प्रवर्द्धन गर्न डिजाइन गरिएका विभिन्न भू र जल-आधारित गतिविधिहरूको नेतृत्व गर्छन्।
- **<u>लेक एडभेन्चर (११-१५):</u>** यो शिविर तालमा खेल्न मन पराउने साहसीहरूको लागि डिजाइन गरिएको छ। हामी लेक च्याम्पलेनलाई विभिन्न प्रकारका नाउहरु मार्फत पूर्ण रूपमा अन्वेषण गर्नेछौं, जसमा लोन रक पोइन्टमा कनू/कायाक द्वारा भ्रमणहरू (एक्स्कर्षण), नर्थ बीचमा प्याडलबोर्डिङ, र बर्लिंगटन खाडी वरपर एडभेन्चर सेलिङ्गहरु सम्मिलित छन्।
- **<u>स्तर २ (१२-१६):</u>** यो दुई-हप्ते शिविर स्तर १ (११-१५) शिविर पछिको उत्तम फलोअप हो वा आधारभूत कुराहरू पहिले नै सिकी सकेका युवा सेलरहरूका लागि एउटा आदर्श विकल्प हो। सूचीहरु र आधारभूत रिगिंग, सुरक्षा, र सेलिङ्ग चालनहरुको समीक्षा पश्चात, सेलरहरूले पुराना सीपहरूलाई सुदृढ गर्दै र नयाँ सीपहरु सिक्दै जलीय-गतिविधिहरूमा अगाडि बढ्ने छन्। यो दुई हप्ते शिविर हो जुन सोमबार-शुक्रबार संचालित हुन्छ।
- **<u>स्तर ३ (१२-१६):</u>** यो दुई हफ्ते शिविर स्तर २ (१२-१६) को फलोअप हो, जुन एउटा पूर्व-आवश्यकता (प्रिरिक्विजित) हो। स्तर १ र २ मा सिकेका सीपहरुलाई विकास गर्दै, यो शिविरले पानी र डुङ्गा ह्यान्डलिङ (चालन) सीपहरूलाई परिष्कृत गर्नेछ, र उन्नत उपकरण रेसिङ कौशल र रणनीतिहरुलाई समावेश गर्नेछ। यो दुई हप्ताको शिविर हो जुन सोमबार-शुक्रबार संचालित हुन्छ।
- **<u>(माध्यमिक) मिडल स्कूल सेलिंग:</u>** वसन्तमा, अन्य माध्यमिक विद्यालयका विद्यार्थीहरूको टोलीसँग हाम्रो २३' कीलबोटहरुलाई चलाउने सीपको विकास गर्नुहोस्। शरद ऋतुमा, हामी दुई हाते ४२० डिङ्गीहरूमा सेल गर्छौं। प्रत्येक पोइन्ट अफ सेलमा चाँडो र कुशलतापूर्वक सेल गर्ने काममा ध्यान दिनुहोस्। स्वतन्त्र तवरले कीलबोटहरू चलाउन सिक्ने क्रममा सेलबोट रेस (दौड) को आधारभूत कुराहरूको परिचय। यो कार्यक्रम हप्तामा दुई दिन विद्यालय समय पछि हुन्छ। ग्रेड: ६-८।
- **<u>उत्तरी भर्मोंट हाई स्कूल सेलिङ्ग टीम:</u>** CSC ले उत्तरी भर्मोंट हाई स्कूल सेलिङ्ग टीम (NVHSST) मार्फत हरेक मौसममा युवा सेलरहरूलाई आफ्नो सीप विकास गर्दै र न्यू इंगलैंडमा प्रतिस्पर्धा गर्ने मौका उपलब्ध गराउँदै क्षेत्र वरपरका हाईस्कूलका सेलरहरूलाई प्रशिक्षण दिँदछ। यो टोली चिटेनडेन र वरपरका काउन्टीहरूमा सार्वजनिक, निजी, वा गृह विद्यालयमा जाने कुनै पनि योग्य विद्यार्थीको लागि खुला छ। टोलीले स्कूल पछि हप्ताको तीन दिन अभ्यास गर्दछ, जसमा कहिलेकाहीँ घरेलु वा बाहिर सप्ताहन्त डुंगा दौडहरू समावेश छन्। ग्रेड ९-१२।

**के छात्रवृत्तिमा अर्ली ड्रप अफ र/वा लेट पिकअप सामेल छ?**
*छ, विस्तारित दिवस विकल्पहरूमा सहभागीहरूले छात्रवृत्तिका लागि आवेदन दिन सक्छन्। अर्ली ड्रप अफ हरेक दिन बिहान ८ बजे सुरु हुन्छ र लेट पिकअप हरेक दिन ५:३० बजे सम्म रहनेछ।*

**म कसरी यातायात भुग्तान (स्टाइपेन्ड) पाउन सक्छु?**
*शिविर पछि, प्रति शिविर हप्ता, चेक द्वारा सहभागीहरूलाई $३० यातायात भुग्तान (स्टाइपेन्ड) दिइने छ। सहभागीहरूले दर्ता गर्ने समयमा भुग्तान (स्टाइपेन्ड) चाहिने वा नचाहिने बारे CSC लाई सूचित गर्न आवश्यक छ।*

**मसंग धेरै सम्भावित क्याम्परहरू छन्। के तिनीहरू सबै सहभागी हुन सक्छन्!**

सक्छन्! हाम्रा शिविरहरू ६-१६ वर्ष उमेरहरुका लागि संचालित छन्। विविधता पहुँच (डाईभर्सिटी एक्सेस) छात्रवृत्ति ११-१५ उमेरका कुनै पनि BIPOC क्याम्परहरूका लागि खुला छ। आवश्यक परेको खण्डमा, त्यस बाहिरका कुनै पनि क्याम्परहरूले हाम्रो सामान्य दर्ता र छात्रवृत्ति प्रक्रिया मार्फत जान जरुरी छ। यदि तपाईंसँग धेरै सम्भावित क्याम्परहरू छन् भने दर्ता गर्ने क्रममा कृपया यस बारेमा हामीलाई जानकारी गराउनु होस् र हामी तपाईंसँग भएका विकल्पहरूको बारेमा छलफल गर्नेछौं।

**म कसरी साइन अप गर्न सक्छु?**

*सहभागीहरूले CSC लाई ८०२-८६४-२४९९ मा कल गर्नु पर्नेछ वा फोन मार्फत दर्ता गर्नको लागि tilly@communitysailingcenter.org मा ईमेल गर्नु पर्नेछ, किनकि स्थानहरु सीमित छन् र हाम्रो अनलाइन दर्ता प्रणालीमा यो उपलब्ध छैन।*